annapurnapost.com
# अन्नपूर्ण पोस्ट
अन्नपूर्ण २५ वर्ष रजत जयन्ती
वर्ष २५, अंक १, पृष्ठ ८+४८ | काठमाडौं, शुक्रबार १८ वैशाख २०८३ | वैशाख शुक्लपक्ष पूर्णिमा, नेपाल संवत् ११४६
FRIDAY, MAY 1, 2026 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित

प्रकाशकीय

## सदैव राष्ट्र र राष्ट्रिय एकताको पक्षमा



अन्नपूर्ण मिडिया नेटवर्कअन्तर्गतको प्रमुख प्रकाशन अन्नपूर्ण पोस्ट् राष्ट्रिय दैनिकका लागि आजको दिन ऐतिहासिक हो। यो प्रकाशन आजबाट २५ वर्ष प्रवेश गरी रजत जयन्ती मनाइरहेको छ। यो खुसी, उत्साह र उमंगको विषय हो। सबैभन्दा पहिले हामी सम्पूर्ण पाठकवर्ग, विज्ञापनदाता र सबै पेसा व्यवसायमा आबद्ध शुभेच्छुकप्रति हार्दिक कृतज्ञता राख्दै धन्यवाद दिन चाहान्छौं।

तपाईंहरूकै अटुट साथ, माया र भरोसाका कारण अन्नपूर्ण प्रकाशन आज देशकै विश्वसनीय मिडिया हाउसका रूपमा स्थापित छ। यो बीचमा विभिन्न समस्या र अवरोधहरू पक्कै पनि आए। प्रकाशन नै अवरुद्ध हुन सक्ने खालका गम्भीर चुनौती र दबाबहरू हामीले नभ्ेलेका होइनौं। तर, देशको पक्षमा बोल्ने, राष्ट्रियताको सधैं वकालत गर्ने, जनताको आवाज बोक्ने परिचय बोकेको प्रकाशनलाई हामीले जस्तोसुकै कठिन कालमा पनि निमोठिने दिएनौं। हन्डर-ठक्कर खायौं, विभिन्न दबाब सह्यौं त्यो आफ्नो ठाउँमा छ। तर, हामी भयभीत भएनौं। आवेग र अतिरञ्जनामा पुगेनौं। केवल सम्झ्यौं, स्वस्थ, मर्यादित, सन्तुलित, तथ्यपूर्ण र विश्वसनीय पत्रकारिता। पत्रकारिताको यही मूलमन्त्र सम्झिएर हामीले दिनानुदिन आफ्नो धर्म निर्वाह गर्दै आइरहेका छौं।

आज अन्नपूर्ण पोस्ट् केवल प्रकाशनमात्र भएको छैन। विषयवस्तुमा फरकपन र प्रस्तुति दिँदै आएको छ। झन् बढी सन्तुलित र पाठकमैत्री बनेको छ। 'पहिला जनताका आवाज' भन्ने मान्यतालाई अन्नपूर्णका सम्पूर्ण प्रकाशनले अंगीकार गरेका छन्। सोही कारण यस दैनिकका पानाहरूमा समेत तपाईंहरूले पाठकका आवाजलाई प्राथमिकता दिएको पाउनुहुन्छ। दुर्गम डोल्पाको से–फुक्सुन्डोदेखि सुदूरपश्चिम अछाम र दार्चुलावासीका सुखदुःखका सारथि अन्नपूर्ण बनेको छ। सगरमाथा खुम्बु क्षेत्रका उच्च हिमाली आवाजदेखि जनकपुर, वीरगन्जजस्ता मधेस, तराईका बासिन्दाका समस्या सुल्झाउन अन्नपूर्णले हातेमालो गरेको छ।

कर्णालीलाई विकासको दृष्टिले कायापलट गर्ने दृष्टिले होस् या बागमती, लुम्बिनी र गण्डकीका सांस्कृतिक र पर्यटकीय सम्भावना उजागर गर्ने काममा अन्नपूर्णका सबै प्रकाशन केन्द्रित छन्। २५ वर्षदेखिको यही अनवरत सक्रियताका कारण नेपाली मिडियामा अन्नपूर्ण बेग्लै र भरोसायोग्य मिडियाको स्थान लिन सफल भएको हो। हाम्रो यो कर्ममा जुट्ने सबै पत्रकार, कर्मचारी अन्नपूर्ण अभियानका खास हिस्सेदार हुन्। पछिल्लो एआई प्रविधि सम्मिलित सामग्री जुटाउने समाचार कक्षका हातदेखि घरघर पत्रिका पुऱ्याउने वितरणका सहकर्मी यसमा पर्छन्।

जनताका आवाजसहितका विषयवस्तु पस्किन हामीले पछिल्लो समय बोकेको सिर्जनात्मक तरिका 'कन्स्ट्रक्टिभ वे'ले सिंगो पत्रकारितालाई मलजल पुऱ्याउने विश्वास लिएको छौं। अन्नपूर्ण प्रकाशनको सम्पादकीय समूहले रचनात्मक पत्रकारितालाई बढावा दिइरहेको छ। पत्रकारितालाई समाधानमुखी र सिर्जनात्मकतातिर केन्द्रित गरेको छ। सम्भवतः यसको यति धेरै अभ्यास मुलुककै लागि नौलो हो।

अन्नपूर्ण यो वर्षदेखि २५ वर्ष प्रवेश गर्नु भनेको युवावय अवस्था हो। संयोग, यही वर्ष मुलुकको राजनीतिक शासनभार युवामय बनेको छ। देश-विदेशमा रहेका नेपालीका आशा, भरोसाका केन्द्रका रूपमा प्रधानमन्त्री बालेन्द्र शाहको नेतृत्वको सरकार छ। नवीन सोच, ऊर्जा र शक्तिसाथ आएको युवाको गतिलाई रचनात्मक पत्रकारितामार्फत देश विकासमा केन्द्रित गराउनु आजको आवश्यकता हो। नकारात्मकताले समाज र देशलाई भड्काएको बेला, स्वस्थ आलोचनासहितको सिर्जनात्मकता देश विकासको कडी पक्कै हुनेछ भन्ने विश्वास हामीले लिएका छौं। यही सन्दर्भमा अन्नपूर्णले रजत जयन्तीको विशेषांक पनि 'युवा शक्ति'लाई मुख्य केन्द्रबिन्दुमा राखी आकर्षक ढंगले आजै पस्किएको छ।

रजत जयन्ती मनाइरहँदा र देश युवा नेतृत्वले हाँकिरहेकै बेला नमिठोसाथ हामीले भन्नैपर्छ, देशभरका निजी मिडिया, सञ्चारकर्मी, कर्मचारीको अवस्था भने चिन्ताजनक छ। निजी क्षेत्रका पत्रपत्रिका, रेडियो, टीभी, अनलाइन पोर्टलसहितलाई सरकारी सूचना, विज्ञापन नदिने सरकारी निर्णयले यी सबै मिडियाको घाँटी निमोठेको छ। लोकतन्त्रको रक्षक, जनअधिकारको सुरक्षाकवचको भूमिका खेल्ने मिडियाको प्राण रोक्न सक्ने यो निर्णय पुनरावलोकन हुनेछ भन्ने विश्वास हामीले लिएका छौं।

अन्नपूर्ण पोस्ट् सदैव राष्ट्र, राष्ट्रिय एकता, स्थिरता र सुदृढ लोकतन्त्रको पक्षमा छ। जनअधिकार रक्षा, कानुनी शासन र मानवाधिकारको पक्षपोषण यसले सदैव गरिनै रहनेछ। हाम्रा सबै प्रकाशन डिजिटल प्रविधिमा उपलब्ध छन्। आगामी दिनमा पनि नवीनतम् प्रविधिको उच्चतम प्रयोग गर्दै अन्नपूर्णले नयाँ टेलिभिजन च्यानलसमेत प्रसारण सुरु गर्ने घोषणा गर्दछौं।

अन्तमा, अन्नपूर्ण पोस्ट् दैनिकको रजत जयन्तीको अवसरमा पुनः सबैमा शुभकामना आदानप्रदान गर्न चाहान्छौं। देश र जनताको हित अनि राष्ट्रियताको पक्षमा साँचो खबरदारीका लागि आगामी दिनमा समेत यहाँहरूले निरन्तर सहयोग, सद्भाव र माया प्रदान गर्नुहुनेछ भन्ने विश्वाससमेत लिएका छौं।

**क्याप्टेन रामेश्वर थापा**
अध्यक्ष
अन्नपूर्ण मिडिया नेटवर्क

# विश्वकै ध्यान खिचेका वालेन्द्र



**दिनेश गौतम** | *काठमाडौं*

नेपाली बृहत् शब्दकोश भन्छ, 'जवानीले नछाडेको र बुढ्यौलीले नछोएको व्यक्ति युवा हो। युवा भन्नाले उमेरको संख्या मात्र होइन। यो त सोच्ने तरिका हो। समस्या समाधान गर्ने हुटहुटी हो। यही हुटहुटी बोकेका बालेन्द्र शाह अहिले मुलुकका कार्यकारी प्रमुख छन्। जो गत वैशाख १४ गते उनी ३७औं वर्षमा प्रवेश गरेका छन्।

**विरासत ढलाउने 'टाइम हिरो'**

वंशवादी र विरासतको राजनीति विस्थापित गर्ने उदाउँदो नेता हुन, वालेन्द्र। उनी विश्वका १०० प्रभावशाली व्यक्तिको सूचीमा परेका छन्। जहाँ अमेरिकाका राष्ट्रपति डोनाल्ड ट्रम्प र चीनका राष्ट्रपति सी जिनपिङ जस्ता हस्तीहरू समावेश छन्। प्रतिष्ठित टाइम म्यागेजिनले उनलाई सन् २०२६ को उदीयमान शक्तिका रूपमा चित्रण गरेको छ। यो उपलब्धि हासिल गर्ने उनी पहिलो नेपाली हुन्। उनले पुरानो छविलाई ओझेल पार्दै दूरदर्शी युवा नेताका रूपमा विश्वकै चासोमा पर्न सफल भएका छन्। उनको पृष्ठभूमि र्‍यापर, संगीत निर्माता, गीत लेखक, निर्देशक तथा इन्जिनियरिङ हो।

वालेन्द्रको जन्म नरदेवीको रैथाने मधेसी परिवारमा भएको हो। पुर्ख्यौली भने मधेस हो। उनले भारतबाट स्ट्रक्चरल इन्जिनियरिङमा स्नातकोत्तर गरे। २०७२ को भूकम्पमा उनी उद्धार र नक्सांकनमा सक्रिय थिए। सानैदेखि संगीत र कवितामा उनको रुचि थियो। २३ वर्षमा सडक बालक गीत गाउने ठिटो पछि राजनीतिमा होमिएपछि चर्चाको शिखरमा पुगेका हुन्। २०७९ को स्थानीय चुनावमा काठमाडौं महानगरपालिकामा स्वतन्त्र रूपमा कार्यकारी प्रमुखमा निर्वाचित भई नयाँ तरंग ल्याए। युवापुस्तालाई राजनीतिमा अग्रसर हुन प्रेरित गर्ने प्रतीक बने।




४८ पृष्ठको वार्षिकोत्सव विशेषांक

**सिंहदरबारमा नयाँ ऊर्जा**

थिति बसाल्ने हुटहुटी लिएर वालेन्द्र सिंहदरबार छिरे। उनीसँगै एउटा नयाँ ऊर्जा र आशा पनि भित्रियो। अहिले झन्डै आधा जनसंख्या रहेको युवा पुस्ताले उनमा आफ्नै प्रतिविम्ब देख्छ। उनले दशकौंदेखिको सुस्त राजनीतिक शैली बदलिदिए। परम्परागत सोचमाथि धावा बोले। आफ्नो यात्रा स्टन्टबाजी नभई सुशासनको यात्रा भएको पुष्टि हुने गरी गलत काम गर्ने दुई मन्त्रीको राजीनामा एक महिनाभित्रै स्वीकृत गरे। सुशासनको संकेत दिए।


प्रधानमन्त्री निवास बालुवाटारबाट चल्ने शासन अहिले सिंहदरबार सरेको छ। बिहानै सिंहदरबार प्रवेश गरेर उनी साँझ अबेरसम्मै काममा खटिएका देखिन्छन्। विदेशी दूतहरूसँगको सामूहिक भेटले उनको कूटनीतिक सुझबुझ देखायो। यसले राष्ट्रको गरिमा बढाएको छ। मन्त्रिपरिषद् गठन लगत्तै १०० बुँदे कार्यसूची ल्याएको सरकारले राष्ट्रिय प्रतिबद्धताको मस्यौदा बनाएको छ।

**चुनावदेखि शपथसम्म**

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) प्रवेशपछि जनकपुरको उद्घोष सभामा उनले भनेका थिए, 'म काम गर्ने मान्छे हुँ, म काम गरेर देखाउँछु। मलाई काम गर्ने अवसर दिनुहुन्छ? काठमाडौं नगरवासीले अवसर दिए, काम गरेर देखाएँ। तपाईंहरू दिनुहुन्छ?'

» बाँकी पृष्ठ २

## रोल्पा जिप दुर्घटनामा २० जनाको मृत्यु



**खेमबहादुर बुढा** | *रोल्पा*

रोल्पाको धार्मिकस्थल जलजला जाँदै गरेको जिप दुर्घटनामा २० जनाको मृत्यु भएको छ। पूर्वीरुकुम सिस्ने गाउँपालिका-५ टाकुराबाट रिजर्भमा आएको लु १ ज ४१६७ नम्बरको बोलेरो जिप बिहीबार दिउँसो ३ बजेतिर रोल्पाको थबाङ गाउँपालिका-१ सलापमा दुर्घटना भएको हो। जिप भीरबाट करिब ८०० मिटर तल खस्दा १८ जनाको घटनास्थमै मृत्यु भएको थियो। दुई जनाको उपचारका लागि अस्पताल लैजाने क्रममा ज्यान गएको हो।

जिप चालक सिस्ने गाउँपालिका-५ टाकुराकै बेदबहादुर विक रहेको प्रहरीले जनाएको छ। जिल्ला प्रहरी कार्यालय रोल्पाका प्रहरी प्रमुख एवं प्रहरी नायव उपरीक्षक वीरेन्द्रवीर विश्वकर्माका अनुसार भारी वर्षा र अप्ठ्यारो ठाउँमा दुर्घटना भएकाले उद्धारमा कठिनाइ भइरहेको छ। साँघुरो र चिप्लो बाटोका कारण दुर्घटना भएको अनुमान प्रारम्भिक अनुमान छ।

जिल्ला प्रहरी कार्यालय रोल्पाका सूचना अधिकारी सुनील थापाका अनुसार सिस्ने गाउँपालिका-५ पूर्वी रुकुमका ३२ वर्षीय समीर कामीको जीवितै उद्धार गरिएको छ। उनको थबाङ स्वास्थ्य केन्द्रमा उपचार भइरहेको छ। दुर्घटनाग्रस्त जिप टुक्राटुक्रा अवस्थामा रहेको प्रत्यक्षदर्शीले जनाएका छन्।

रिजर्भ जिप भएकाले कति यात्रु थिए भन्ने यकिन हुन सकेको छैन। मृत्यु हुनेहरूको शव यत्रतत्र छरिएका छन्। मृतकको सनाखतसमेत हुन सकेको छैन।

वैशाख १८ गते बुद्ध पूर्णिमाका दिन जलजलामा हुने बाह्रभाइ बराह र बाइस बहिनी बजु पूजाका लागि तीर्थालु जलजला आउँदै थिए। बुद्ध पूर्णिमामा जलजलामा ठूलो मात्रामा पूजा हुन्छ। जलजला यस क्षेत्रको प्रसिद्ध धार्मिक स्थल हो।

पूजाआजामा हिँडेकाले मृत्यु हुनेहरूमा एकाघरकै धेरै रहेको अनुमान छ। स्थानीयबासीले बताएअनुसार थबाङ हुँदै जलजला जाँदै गरेको जिपमा सानासाना बालबालिका समेत थिए।

दुर्घटनापश्चात् जलजला जाँदै गरेका अन्य तीर्थालु, स्थानीय र थबाङबाट घटनास्थल पुगेको प्रहरीको संयुक्त टोलीले उद्धार गरिरहेको छ। फोन नेटवर्कले समेत काम नगरेकाले थप क्षतिको विवरण आउन सकेको छैन। दुर्घटनाको खबरलगत्तै सदरमुकाम लिवाङबाट प्रहरी प्रमुख विश्वकर्मासहितको प्रहरी टोली, सूर्य दल गणबाट नेपाली सेना र सशस्त्र प्रहरी समेत घटनास्थलतर्फ परिचालित भएको छ।

